HBL

हिमालयन बैंक लिमिटेड

Himalayan Bank Ltd.

# २३ औं वार्षिक साधारण सभाको विवरण (माइन्यूट)

# संचालक समिति



**श्री मनोजबहादुर श्रेष्ठ**
अध्यक्ष

**श्रीमती रञ्जना श्रेष्ठ**
वैकल्पिक संचालक



**श्री सलिम अम्लानी**
प्रथम उपाध्यक्ष
हबिब बैंक लि. पाकिस्तानबाट मनोनित



**श्री प्रेमप्रकाश खेतान**
द्वितीय उपाध्यक्ष

**श्री अरूण के.सी.**
वैकल्पिक संचालक



**श्री प्रचण्डबहादुर श्रेष्ठ**
संचालक

**सुश्री मेनुका श्रेष्ठ**
वैकल्पिक संचालक




**श्री कृष्ण प्रसाद आचार्य**
संचालक
कर्मचारी संचयकोषबाट मनोनित

**श्री श्रीराम शेखर अधिकारी**
वैकल्पिक संचालक



**श्री सुशीलविक्रम थापा**
संचालक

**श्री टोरुप प्रसाई**
वैकल्पिक संचालक



**श्री सुरेन्द्र सिल्वाल**
संचालक
सर्वसाधारण शेयरधनीहरुबाट निर्वाचित



**श्री उपेन्द्रकेशरी पौड्याल**
व्यवसायिक विशेषज्ञ संचालक

---

**श्री हिमालय शमशेर ज.ब.रा.**
प्रमुख सल्लाहकार (संचालक समिति)

**श्री बिपिन हाडा**
कम्पनी सचिव

HBL Himalayan Bank Ltd.

शेयरधनी महानुभाव,

**विषय: विवरण (माइन्यूट)**

महाशय,

यस बैंकको मिति २०७२ साल पौष ८ गते बुधबार सम्पन्न भएको तेइसौं वार्षिक साधारण सभामा भएको छलफल र निर्णयहरूको विवरण (माइन्यूट) तपाईंको जानकारीको लागि पठाएको छु ।

आज्ञाले,

विपिन हाडा
कम्पनी सचिव

# हिमालयन बैंक लिमिटेड
# तेइसौं (२३) वार्षिक साधारण सभाको
## विवरण (माइन्यूट)

**१. वैधानिक सभाः**

हिमालयन बैंक लिमिटेडको २०७२ मंसिर १० गते बसेको संचालक समितिको ३२७ औं बैठकको निर्णय अनुसार कम्पनी ऐन २०६३, प्रचलित कानून र बैंकको प्रबन्धपत्र र नियमावली बमोजिम बोलाइएको तेईसौं वार्षिक साधारण-सभा संचालक समितिका अध्यक्ष श्री मनोजबहादुर श्रेष्ठको सभापतित्वमा सुसम्पन्न भयो ।

**२. सभाको मिति, समय र स्थानः**

मिति : २०७२ साल पौष ८ गते बुधबार (२३ डिसेम्बर २०१५)

समय : बिहान ११:३० बजे

स्थान : त्रिभुवन आर्मी अफिसर्स क्लब, काठमाडौं ।

**३. सभाको सूचना प्रकाशन (कम्पनी ऐन २०६३ को दफा ६७ (२) बमोजिमः**

(क) साधारणसभा हुने मिति, समय, स्थान र छलफल हुने विषयहरू सहितको विवरण खुलाइ कानूनबमोजिम त्यसको सूचना कारोबार दैनिकमा मिति २०७२।८।१५ र अभियान दैनिकमा मिति २०७२।८।१६ गते प्रकाशित गरी शेयरधनी महानुभावहरूलाई जानकारी गराइएको थियो ।

(ख) साथै, संचालक समितिको प्रतिवेदन, वासलात, नाफा-नोक्सान हिसाब र नगदप्रवाह विवरण तथा अन्य दस्तावेजहरू पुस्तिकाको रूपमा प्रत्येक शेयरधनी महानुभावहरूको उपलब्ध व्यक्तिगत ठेगानामा यथासमयमा पठाइएको थियो ।

**४. छलफलको विषय-सूचीः**

क) <u>सामान्य प्रस्ताव</u>

१) तेईसौं वार्षिक साधारण सभाको लागि संचालक समितिको प्रतिवेदन,

२) लेखापरीक्षकको प्रतिवेदन सहित २०७२ साल असार मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व. २०७१/७२ को नाफा-नोक्सान हिसाब तथा नगदप्रवाह विवरण छलफल गरी पारित गर्ने,

३) संचालक समितिले सिफारिश गरेबमोजिम नाफाको बाँडफाँट तथा चुक्ता पूँजीको ७.१०५३ प्रतिशत नगद लाभाँश दिने प्रस्ताव स्वीकृत गर्ने,

४) मिति २०७२ बैशाख १२ गतेको महाभूकम्पबाट पिडितहरूको राहतको लागि प्रधानमन्त्री दैवी प्रकोप राहत कोषमा बैंकको तर्फबाट प्रदान गरिएको रू. १ करोड चन्दा, रू. ११ लाख बराबरको सौर्य बत्ति वितरण गरिएकोलाई अनुमोदन गर्ने । त्यसैगरि बाँके र दाङ्ग जिल्लाका बाढी पिडितहरूलाई रू. ५८,५७३.५३ बराबरको विविध सामाग्रीहरू तथा नेपाल हेरिटेज सोसाईटीलाई सहयोग स्वरूप रू. ९०,६०१- बराबरको कम्प्युटर सामाग्रीहरू प्रदान गरिएकोलाई समेत अनुमोदन गर्ने ।

५) कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०७२/७३ का लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने, (वर्तमान लेखापरीक्षक श्री सुन्दर एण्ड कम्पनी, चार्टर्ड एकाउन्टेन्ट्स पुनः नियुक्त हुन सक्नुहुनेछ)

ख) विषेश प्रस्ताव

१) संचालक समितिले सिफारिश गरेबमोजिम बैंकको अधिकृत, जारी र चुक्ता पूँजी बृद्धि गर्न चुक्ता पूँजीको ३५ (पैंतिस) प्रतिशत बोनस शेयर जारी गर्ने सम्बन्धी बिशेष प्रस्ताव स्वीकृत गर्ने ।

२) उपरोक्त बोनस शेयर जारी गरे पछि हुने चुक्ता पूँजी रू. ४,४९,९१,४५,०००/- (रू. चार अर्ब उनन्चास करोड एकान्नब्बे लाख पैंतालिस हजार) को १४.२८ प्रतिशतका दरले हुने ७ (सात) कित्ता शेयर बराबरको १ (एक) कित्ता हकप्रद शेयर जारीगर्न स्वीकृत गर्ने तथा सो कार्य गर्न संचालक समितिलाई अख्तियार प्रदान गर्ने ।

३) बैंकको प्रवन्ध पत्र र नियमावलीमा संशोधन गर्ने विशेष प्रस्ताव पारित गर्ने तथा प्रस्तावित संशोधनमा नेपाल राष्ट्र बैंक वा अन्य निकायले फेरबदल गरेमा आवश्यक समायोजन गर्न संचालक समितिलाई वा संचालक समितिले तोकेको पदाधिकारीलाई अधिकार दिने,

ग) विविध

## ५. उपस्थितिः

संचालकहरूः

| | | |
|---|---|---|
| १. | श्री मनोजबहादुर श्रेष्ठ | अध्यक्ष |
| २. | श्री प्रचण्डबहादुर श्रेष्ठ | संचालक |
| ३. | श्री शुशीलविक्रम थापा | संचालक |
| ४. | श्री अरूण के.सी. | वैकल्पिक संचालक |
| ५. | श्री टोरुप प्रसाई | वैकल्पिक संचालक |

पर्यवेक्षकः

| | | |
|---|---|---|
| १. | गंगा कुमारी के.सी. | प्रतिनिधि, कम्पनी रजिष्ट्रारको कार्यालय |

लेखापरिक्षकः

| | | |
|---|---|---|
| १. | श्री सुन्दर मान श्रेष्ठ | प्रतिनिधि, श्री सुन्दर एण्ड कम्पनी, चार्टर्ड एकाउन्टेन्ट्स |

अन्य पदाधिकारीहरूः

| | | |
|---|---|---|
| १. | श्री अशोक राणा | प्रमुख कार्यकारी अधिकृत |
| २. | श्री इजाज कादीर गिल | वरिष्ठ महाप्रबन्धक |
| ३. | श्री शुशील जोशी | महाप्रबन्धक |
| ४. | श्री अनुप मास्के | नायब महाप्रबन्धक |

शेयरधनीहरूको उपस्थितिः

| | |
|---|---|
| क) सर्वसाधारण शेयरधनी | १०७८ जना |
| ख) संस्थापक प्रतिनिधि | ९ जना |
| ग) जम्मा उपस्थित शेयरधनीहरूको संख्या | १०८७ जना |

सभामा उपस्थित सबै शेयरधनी महानुभावहरू मतदान गर्न योग्य थिए ।

**६) सभाको वैधानिकता र सभापतित्व**:

साधारण सभा शुरू हुनअघि कम्पनी सचिव श्री विपिन हाडाले उपस्थित शेयरधनी महानुभावहरूको स्वागत गर्नुहुँदै कम्पनी ऐन र बैंकको नियमावली तथा प्रचलित कानून बमोजिम तेईसौं वार्षिक साधारण सभा बोलाइएको र सो अनुरूप सभाका लागि आवश्यक गणपूरक संख्या पुगेको व्यहोरा सभालाई अवगत गराउनुभयो । साथै उहाँले सभाको सभापतित्व संचालक समितिका अध्यक्ष श्री मनोजबहादुर श्रेष्ठले गर्नुहुने जानकारी दिंदै सभा संचालनका लागि अध्यक्ष महोदयलाई अनुरोध गर्नुभयो ।

**७) सभा संचालन** :

साधारण सभाको कारवाही शुरू गर्ने क्रममा सभाका सभापति श्री मनोजबहादुर श्रेष्ठले तेईसौं वार्षिक साधारण सभाका लागि संचालक समितिको प्रतिवेदन संक्षेपमा पढेर सुनाउनुभयो ।

प्रतिवेदन प्रस्तुतिपश्चात् सभापतिज्यूले विषयसूची सम्बन्धमा छलफलका लागि शेयरधनीहरूलाई आमन्त्रण गर्नुभयो । तदनुरूप निम्न शेयरधनीहरूले सभामा आफ्नो जिज्ञासा, मन्तव्य तथा सुझावहरू प्रस्तुत गर्नुभयो ।

१) श्री राजेश शाक्य
२) श्री उद्धवप्रसाद घिमिरे
३) मेजर कुवेर श्रेष्ठ
४) डा.माधवकुमार श्रेष्ठ
५) श्री व्यासकुमार शर्मा
६) श्री दामोदर प्रसाद रेग्मी
७) श्री भक्तिप्रसाद उप्रेति
८) श्री ईन्द्रकृष्ण श्रेष्ठ
९) श्री चन्द्रनारायण श्रेष्ठ
१०) श्री कृष्णप्रसाद अधिकारी (कास्यप)
११) श्री महेन्द्रबहादुर श्रेष्ठ
१२) श्री रोजकुमार श्रेष्ठ
१३) श्री जयन्द्रमानसिंह बानिया
१४) श्री उत्तम पाठक
१५) श्री ईश्वरदास कर्माचार्य
१६) श्री नारायण सुन्दर श्रेष्ठ

## ८) शेयरधनीहरूबाट व्यक्त शुभकामना, आभार, जिज्ञासा, मन्तव्य तथा सुझावहरूः

### ८.१ शुभकामना र आभारः

तेईसौ वार्षिक साधारण सभामा आफ्नो मन्तव्य प्रकटगर्ने सबैजसो शेयरधनी महानुभावहरूले ३५% बोनस शेयर र ७.१०५३% नगद लाभांश प्रदान गरिएकोमा प्रशन्नता व्यक्त गर्नुभयो । बिना हकप्रदशेयर ६ करोडको चुक्ता पूँजीबाट चार अर्ब उनन्चास करोड एकान्नब्बे लाख मा बैंक आईपुग्न सफल हुँदा आफूलाई ज्यादै खुशी लागेको बताउनु भयो । उहाँहरूले हिमालयन बैंकको डिभिडेन्ड पोलिसीलाई सन्तुलितको संज्ञा दिनुभयो । उहाँहरूको सुझाव थियो आउँदा दिनमा बैंकले वोनस शेयर तथा नगद लाभांश बढाउँदै लैजाओस । विगत तेईस वर्षदेखि सेवारत यो बैंक नेपालको वित्तीय क्षेत्रमा सुरक्षित, भरपर्दो, विश्वसनीय र अग्रणी भएकोमा सबैको समान धारणा थियो । मन्तव्य प्रकटगर्ने महानुभावहरूले देशमा देखापरेको राजनीतिक अस्थिरता, अन्योल, मधेश आन्दोलन, नेपाल-भारतको सीमा क्षेत्रमा देखापरेको अवरोधले पारवहनमा पारेको समस्या र यही सालको महा-विनाशकारी भूकम्प जस्ता विषयले समग्र देशको उन्नतिलाईनै चुनौती दिइरहेको बेला बैंक सचेत भएर अगाडि बढ्नुपर्ने सुझाव दिनुभयो । पूँजी बृद्धिगरी बैंक आफैले ८ अर्ब पुऱ्याउने योजना संचालक समितिले पारित गरेको सुन्न पाउँदा आफूहरूलाई खुशी लागेको शेयरधनी महानुभावहरूले बताउनु भयो । राम्रो वित्तिय संस्था फेलापारे त्यस्तालाई एक्यूजीसन गर्नुपर्ने उहाँहरूको धारणा थियो ।

### ८.२ जिज्ञासा, मन्तव्य तथा सुझावहरूः

#### ८.२.१ श्री राजेश शाक्य

तुलनात्मक रूपमा यो वर्ष हिमालयन बैंकले दिएको डिभिडेन्ड सबै वाणिज्य बैंकहरूको भन्दा राम्रो लाग्यो । बोनश शेयर र हकप्रद शेयर पश्चात पनि प्रति शेयर आम्दानी घट्न दिनुभएन । हकप्रद शेयर प्रिमियममा जारी गर्ने तर्फ सोचियोस्, यसो हुनसके बैंकको रिजर्व पनि बढ्छ । नियमावलीको प्रस्तावित पूँजी संसोधनको प्रस्ताव स्पष्ट गरियोस् । ऋण लगानी गर्दा विचार पुऱ्याउन आवश्यक छ । मेलम्ची प्रकरण सल्टाउने तर्फ सबैले ध्यान दिन पऱ्यो । वित्तिय सुशासन कायम गर्ने तर्फ बैंक व्यवस्थापन र संचालक समितिले ध्यान पुऱ्याउनु पर्ने आवश्यकता देखिएको छ । राम्रा कम्पनी भेटे एक्यूजीसन गराउँदा बैंकलाई फाइदै हुन्छ ।

#### ८.२.२ श्री उद्धवप्रसाद घिमिरे

उत्कृष्ट प्रतिफल दिनसकेकोमा बैंक व्यवस्थापन र संचालक समितिलाई विशेष धन्यबाद दिन चाहन्छु । आउँदा वर्षहरूमा पनि प्रतिफल अझै बढाउने तर्फ सोचौं । २ वर्षपछि बैंकले रजत जयन्ती मनाउँदै छ, त्यो कार्यक्रम भव्य हुनुपऱ्यो । बैंकको रिर्जव फण्ड बढाउन सके अझै राम्रो हुन्थ्यो । निक्षेप बढेको छ । कर्जा लगानी बढेकोमा हामी खुशी छौं । समग्रमा बैंकको अवस्था सन्तोषजनक लाग्यो । प्रतिशेयर आम्दानी बढाउने तर्फ संचालक समिति र बैंक व्यवस्थापनको निरन्तर कृयाशीलता जरूरी छ ।

८.२.३ मेजर कुवेर श्रेष्ठ

६ करोडको चुक्ता पूँजीबाट सुरू भएको यो बैंकको पूँजी चार अर्ब उनन्चास करोड एकान्नब्बे लाख पुगेको छ । यसबाट बैंकले गरेको प्रगति प्रष्ट हुन्छ । लोन लस रिकवरी पनि राम्रो छ । मूल्यांकनकर्ताले ऋणीलाई दुःख दिने प्रवृति सुनिन थालेको छ त्यो हो भने राम्रो भएन । लघुवित्तको क्षेत्रमा बैंकको लगानी प्रशंसनीय छ । सामाजिक उत्तरदायित्व अर्न्तगत गरिने खर्चमा "हिमालयन बैंक छात्रवृत्ति कोष" खडा गरी देशभरिबाट जेहेन्दार विद्यार्थीहरू पढाईदिने व्यवस्था गर्नसके अझ राम्रो हुन्थ्यो । महा-भूकम्प पश्चात प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा बैंकले गरेको सहयोग प्रशंसनीय छ ।

८.२.४ डा. माधवकुमार श्रेष्ठ

शेयरधनीहरूले दिएको सुझाव बैंकले मनन् गर्नुपऱ्यो । बोनस शेयर र नगद लाभांश ४२.१०५% दिएकोमा हामी सन्तुष्ट छौं, फेरी त्यसमा १४% हकप्रद शेयर पनि दिने कुराले हामीलाई खुशी लागेको छ । देशको समग्र राजनीतिमा सुधार भयो भने बैंकले आफै प्रगति गर्न सक्छ । माइन्युट पुस्तिकामा साधारण सभामा बोल्ने शेयरधनीहरूको फोटो छापियोस् ।

८.२.५ श्री व्यासकुमार शर्मा

यसपाली डिभिडेन्ड दिंदा रिजर्व चलाएको छ । त्यो नगरेको भएहुन्थ्यो । रिजर्व बढाउनु पर्दछ । त्यसकालागि प्रिमियममा हकप्रद शेयर जारीगर्न सकिन्छ कि सोचौं । आम्दानी र खर्चको अवस्था सन्तुलितनै छ । आर्थिक प्रतिकूलताका बावजुद बैंकको व्यालेन्ससीटको आकार बढेकोमा हामी खुशी छौं । लगानीका नयाँ क्षेत्र पहिल्याउन संचालक समिति चनाखो हुन जरूरी देख्छु । भोलिका दिन अझै चुनौतिपूर्ण छन् त्यसको सामना गर्ने सार्मथ्य निर्माण गरिनुपऱ्यो ।

८.२.६ श्री दामोदरप्रसाद रेग्मी

बैंकको ३०% हिस्सा पब्लिकको बनाउने तर्फ सोचियोस् । FPO जारी गरेर अब १५% शेयर पब्लिकलाई दिंदा हुन्छ । यो भयो भने रिजर्व पनि बढ्छ । अरूका लागि उदाहरण पनि हुन्छ । बैंकको पूँजी बृद्धि योजना पारदर्शी र वैज्ञानिक छ । भोलिका दिनमा पनि हिमालयन बैंकले आफ्नो साख घटाउन भएन ।

८.२.७ श्री भक्तिप्रसाद उप्रेति

यो वर्ष ४२.१०५% प्रतिफलकालागि बैंकलाई विशेष धन्यबाद दिन चाहन्छु । अर्को वर्षपनि हामी शेयरधनीहरूले स्वस्थ्य र दिगो प्रतिफलको अपेक्षा गरेका छौं । त्यो पुरागर्न अहिले देखिनै निश्चित कार्ययोजनाका साथ बैंक संचालक समिति र व्यवस्थापन अगाडि बढ्न पऱ्यो । बैंकले सहायक कम्पनीहरू खोल्दै जाओस् । धितोपत्र दलाल व्यवसायको काम बैंकलाई पनि गर्नदिने नीति आयो भने हिमालयन बैंकले पनि त्यो काम गर्नुपर्दछ । संचालन खर्च अझै घटाऔं । मनोरञ्जन खर्च बढी भयो । बैंकको आन्तरिक सुपरभिजन र रेगुलेसनलाई प्रभावकारी बनाईयोस् । व्यालेन्ससीटको पाना नं १४ मा पाइचार्ट छ, त्यहाँ

प्रगति विवरण झल्कने गरी सो बाट बार डाइग्राम बनाउँदा अझ राम्रो हुन्छ । बैंकको उच्च तहका कर्मचारीको क्षमता विस्तार गराउने तर्फ सोच्नुपर्‍यो ताकि कसैले बैंक छोडेर गएपनि त्यसको व्यवस्थापन भित्रबाट गर्न सकियोस् । एक महिना भित्र बोनस शेयर वितरण गर्ने प्रवन्ध मिलाउन बैंक व्यवस्थापनलाई आग्रह गर्दछु ।

८.२.८ श्री ईन्द्रकृष्ण श्रेष्ठ

स्थापनाकाल देखि २३ औं वार्षिक साधारण सभा सम्म आईपुग्दा बैंकले अठार पटक बोनस शेयर दिएको रहेछ । यो पटक दिएको ४२% डिभिडेन्डको प्रशंसा गर्दछु । मेलम्ची प्रकरण सल्टाउन सके राम्रो हुन्थ्यो । ऋण लगानी गर्दा सोच विचार गरियोस् ।

८.२.९ श्री चन्द्रनारायण श्रेष्ठ

अन्य वाणिज्य बैंकसँग तुलना गर्दा हिमालयन बैंक समग्रमा टप ५ भित्र परेको छ । यो सबै भन्दा राम्रो प्रतिफल आफ्ना शेयरधनीहरूलाई दिन सक्यो । आगामी दिनमा अझै प्रगति गर्न सकियोस् । कर्मचारी र अन्य खर्च अरू बैंकको तुलनामा बढी भयो ।

८.२.१० श्री कृष्णप्रसाद अधिकारी (कास्यप)

समग्रमा बैंकको प्रगतिप्रति हामी शेयरहोल्डरहरू प्रसन्न छौं । भोलिका दिनमा थप प्रगति गर्नु पर्‍यो । सर्वसाधारण शेयरहोल्डरहरूका तर्फवाट निर्वाचित संचालक किन साधारणसभामा उपस्थित हुनुभएन । खर्च कटौतिगर्ने तर्फ सोच्नु पर्‍यो ।

८.२.११ श्री महेन्द्रबहादुर श्रेष्ठ

उत्पादनमुलक क्षेत्रमा लगानी बढाउनुपर्‍यो । कृषिमा विशेष जोड गरौं । भारतसँगको परनिर्भरताले हाम्रो देशको समग्र अर्थतन्त्र यतिबेला बिग्रियो । भारतले गरेको नाकाबन्दीको प्रभाव बैंकमा पनि देखापरिसकेको अवस्था छ । महा-भूकम्प र नाकाबन्दीको असरबाट बैंकलाई जोगाउन सकियो भने मात्रै भोलि हामीले राम्रो प्रगति गर्ने हो । त्यसतर्फ सोच्न संचालक समिति र बैंक व्यवस्थापनलाई विशेष आग्रह गर्दछु । चार्टड एकाउन्टेन्टहरूको संस्थाले लेखा परीक्षण शूल्कमा सिण्डीकेट लाद्न खोजेको छ, त्यसको विरोध गरौं । अर्को पटकको वार्षिक साधारण सभा प्रज्ञाभवनमा गरियोस् ।

८.२.१२ श्री रोजकुमार श्रेष्ठ

हिमालयन बैंकको संचालन मुनाफा बढेको छ । यसप्रति हामी शेयरधनीहरू खुशी छौं । भूकम्प, नाकाबन्दीको असर बैंकमा पर्नदिनु भएन । यसतर्फ बैंक व्यवस्थापन चनाखो हुन पर्‍यो । लेखा परिक्षण शूल्कको सम्बन्धमा चार्टड एकाउन्टेन्टहरूको संस्थाले गरेको निर्णयको विरोध हुनुपर्दछ । कर्मचारी बृद्धिको कारण र औचित्य पुष्टिगर्ने किसिमको विवरण वार्षिक प्रतिवेदनमा उल्लेख गरियोस् । संचालक समिति तथा बैंक व्यवस्थापन खर्च घटाउने दिशामा केन्द्रित हुनुपर्ने आवश्यकता देखिएको छ ।

८.२.१३ श्री जयन्द्रमानसिंह बानिया

हिमालयन बैंकको पूँजी बृद्धि योजना पारदर्शी र वैज्ञानिक छ । यो बैंक शेयरहोल्डर मैत्री बैंक हो भन्नपाउँदा मलाई ज्यादै खुशी लाग्छ । बैंकको समग्र वित्तिय अवस्थापनि सन्तोषजनक छ । आगामी दिनमा थप प्रगति गर्दै जानुपर्‍यो । राम्रा र साना खालका वित्तिय कम्पनी भेटे एक्वीजिसन गर्दा बैंकलाई राम्रो हुन्छ । व्याज आम्दानी बढाउने तर्फ विशेष ध्यान जानु आवश्यक छ ।

८.२.१४ श्री उत्तम पाठक

हिमालयन बैंकले स्टयान्डर्ड चार्टड, नबिल, एभरेष्ट, नेपाल इन्भेस्टमेन्ट तथा एस बी आई जस्ता बैंकलाई आफ्नो प्रमुख प्रतिस्पर्धी बैंक ठान्नु पर्‍यो र भोलिका दिनमा यी बैंकहरूको भन्दा आफ्नो प्रगति कसरी माथि गराउन सकिन्छ त्यसतर्फ सोच्नु पर्‍यो । बैंकको निक्षेप र कर्जा बढेको छ त्यो राम्रो हो । धितोपत्र बोर्डले बैंक वित्तिय संस्थालाई धितोपत्र व्यवसायीको लाईसेन्स दिने कुरा सुनिंदै छ त्यसो भयो भने हाम्रो बैंकले पनि त्यो लाईसेन्स लिनु पर्दछ । आम्दानीको तुलनामा हिमालयन बैंकको खर्च बढी भयो । कर्मचारीको सुविधा र संख्या अरू बैंकको तुलनामा यस बैंकको बढी जस्तो लाग्दछ । अडिटर शुल्कको सम्बन्धमा चार्टड एकाउन्टेन्टको संस्थाले तोकेको शुल्कको विरोध गर्नुपर्दछ ।

८.२.१५ श्री ईश्वरदास कर्माचार्य

बैंकले गरेको प्रगति प्रशंसनीय छ । मेलम्ची प्रकरण सल्टाउने दिशामा अगाडि बढ्नुपर्ने आवश्यक्ता देखेको छु । राष्ट्रका सामु अहिले असाधारण समस्या देखिएको छ । त्यसको असर बैंकमा पर्नसक्ने खतरा छ त्यसतर्फ सचेत हुनु जरूरी देखिन्छ । प्रतिस्पर्धात्मक दक्षता बढाउँदै लगेर यो बैंक नेपालको नं. १ बैंक बन्नु पर्‍यो ।

८.२.१६ श्री नारायण सुन्दर

राष्ट्र बैंकले तोकेको ८ अर्ब पूँजी बैंक एक्लैले पुर्‍याउने योजना सुन्न पाउँदा ज्यादै खुशी लाग्यो । हकप्रद र बोनस शेयरबाट पूँजी पुर्‍याउने योजना राम्रो छ । FPO जारी गर्ने तर्फ नलागौं त्यसले सर्वसाधारण शेयरहोल्डरहरूलाई मार पर्दछ । महाभूकम्प र नाकाबन्दीपछि जर्जर बनेको नेपाली अर्थतन्त्रप्रति बैंक चनाखो हुनु आवश्यक छ ।

## ९. सामूहिक रूपमा दिइएको प्रत्युत्तरको सारांशः

शेयरधनी महानुभावहरूबाट उठाईएका प्रश्न, जिज्ञासा तथा सुझावहरूका लागि सभापति महोदयले शेयरधनीहरूलाई धन्यवाद दिनुभयो र उहाँहरूद्वारा व्यक्त उपयुक्त र व्यवहारिक सुझावहरू कार्यान्वयन गर्दै जाने प्रतिवद्धता जनाउनु भयो । अध्यक्ष महोदयले सो अवसरमा बैंकको समग्र क्रियाकलापमा शेयरधनीहरूले देखाएको रूचिले आफू उत्साहित भएको विचार राख्नुभयो । उहाँले आगामी दिनमा कर्पोरेट गभर्नेन्सलाई निकै महत्वका साथ अगाडि बढाउने विश्वास शेयरधनीहरूलाई दिलाउनुभयो । सभामा उहाँ र प्रमुख कार्यकारी अधिकृतले सामूहिक रूपमा दिनुभएको प्रत्युत्तरको सारांश निम्नानुसार छ ।

बैंकले निकट भविष्यमा जारी गर्न लागेको हकप्रद शेयर यस साधारण सभाले पारित गर्न लागेको बोनस शेयर पश्चात हुन आउने शेयर संख्यामा जारी गरिनेछ ।

समीक्षा वर्षमा बैंकको EPS रू. ३३.३७ मात्र भएपनि हामीले ४२.१० प्रतिशत डिभिडेन्ड प्रस्ताव गरेका छौं । गत वर्षहरूको मुनाफाबाट छुट्याइएको मेलम्चीको दाबी वापतको भैपरी आउने जगेडा तथा वण्ड फिर्ता कोषमा जम्मा भएको रकमबाट जम्मा ७१ करोड २५ लाख समिक्षा वर्षमा वितरणको लागी उपलब्ध भएको कारणले हामीले बढी डिभिडेन्ड दिने प्रस्ताव गरेका हौं ।

बैंकको जारी तथा चुक्ता पूँजी हाल प्रस्तावित बोनस शेयर पश्चात रू. ४ अर्ब ४९ करोड ९१ लाख ४५ हजार हुने भएकोले सोहि अनुसारको संशोधन प्रस्ताव गरेका हौं । साथै उक्त संशोधन प्रस्तावमा हकप्रद शेयर जारी भएपछि बैंकको जारी तथा चुक्ता पूँजी रू. ५ अर्ब १४ करोड १८ लाख ८० हजार हुनेछ भनी समेत उल्लेख गरिएकोले सो हकप्रद शेयर जारी गर्ने समयमा स्वतः जारी तथा चुक्ता पूँजी बृद्धि हुन जाने हुँदा यो नियम संगत नै रहेको जानकारी गराउन चाहन्छु ।

नेपाल राष्ट्र बैंकले हालै जारी गरेको निर्देशन अनुसार सम्पूर्ण वाणिज्य बैंकहरूले आर्थिक वर्ष २०७३/७४ भित्र आफ्नो चुक्ता पूँजी रू. ८ अर्ब पुऱ्याउनुपर्ने बाध्यात्मक अवस्था रहेको यहाँहरूलाई अवगत नै छ । हामीले आफ्नो business projection को आधारमा चुक्ता पूँजी बृद्धिको योजना नेपाल राष्ट्र बैंक समक्ष पेश गरीसकेका छौं र सो को कार्यान्वयनको लागि आवश्यक गृहकार्य समेत भईरहेको जानकारी गराउन चाहन्छु । सोहि योजना अन्तर्गत नै ७ शेयर बराबरको १ हकप्रद शेयरको प्रस्ताव यहाँहरू समक्ष अनुमोदनको लागि राखेका छौं । आगामी वर्षपनि बोनस शेयर तथा थप हकप्रद शेयर जारी गरेपछि बैंकको चुक्ता पूँजी तोकिएको समयावधि भित्र नै रू. ८ अर्ब पुग्ने देखिएकोले हाललाई मर्जर/एक्वीजिसनको कुनै योजना नरहेको समेत जानकारी गराउन चाहन्छु । भविष्यमा त्यस्तो कुनै कदम लिनुपर्ने अवस्था आएमा यहाँहरू समक्ष प्रस्ताव ल्याउने नै छौं ।

बैंकद्वारा सामाजिक सेवाको क्षेत्रमा योगदान पुऱ्याउने उद्देश्यले विभिन्न सामाजिक संस्था तथा कार्यहरूमा समय समयमा सहयोग गर्दै आएको छ र भविष्यमा पनि यो कार्य जारी नै राखिने छ । यस सम्बन्धमा शेयरधनी महानुभावहरूले औंल्याउनु भएका क्षेत्रलाई समेत समेट्ने प्रयास गरिनेछ । गत वैशाखमा आएको महा-भूकम्प पश्चात बैंकको तर्फबाट रू. १ करोड र हाम्रो साझेदार हबिब बैंकको तर्फबाट १ करोड गरी जम्मा २ करोड सहयोग गरिएको छ जुन वार्षिक प्रतिवेदनमा समेत उल्लेख गरिएको छ ।

मर्चेन्ट बैकिङ्ग कार्यको लागि एउटा छुट्टै susbsidiary खोल्ने अथवा त्यस्तो कुनै company acquire गर्ने भन्ने यहाँहरूबाट प्राप्त सुझाव मननयोग्य छ र यस बारेमा संचालक समितिमा समेत बेलाबेलामा छलफल हुने गरेको छ । यस तर्फ आवश्यकता अनुसार निर्णय लिने नै छौं ।

खर्च कटौति विषयमा संचालक समिति र बैंक व्यवस्थापन सदा सजक रहेको छ र बैंकले कर्मचारीलाई प्रदान गर्ने तलब सुविधामा समेत समय सापेक्ष परिमार्जन गर्ने गरिएको छ । हाम्रो बैंकले प्रदान गर्दै आएको तलब सुविधा बैकिङ्ग क्षेत्रमा नै उदाहरणीय भएको तथ्य समेत यहाँहरूलाई अवगत गराउन चाहन्छु । साथै विभिन्न in-house, स्वदेशी तथा विदेशी तालिम तथा गोष्ठीहरूको अवसर प्रदान गरि कर्मचारीहरूको वृत्ति विकास गर्नुको साथै मनोवल समेत उच्च राख्ने नीति बैंकको रहेको छ । प्रत्येक २ वर्षमा कर्मचारीको तलबमा बृद्धि गर्ने नीति अनुरूप समिक्षा वर्षमा salary revision गरिएको कारणले गत वर्षको तुलनामा कर्मचारी खर्च बढ्न गएको जानकारी समेत गराउन चाहन्छु ।

DMAT गरेको शेयरधनीहरूको हकमा CDS Clearing System बाट विवरण लिई बोनश तथा लाभांश पुर्जा तयार गर्नुपर्ने भएकोले त्यस्ता शेयरधनीहरूको हकमा २० दिन भित्र वितरण गर्न सकिने भएकाले अन्य DMAT नभएकाहरूको पनि समावेश गरेर एकैपटक यथासिघ्र वितरण गर्नेछौं ।

शेयरधनीहरूबाट उठाइएका जिज्ञासा तथा प्रश्नहरूका सम्बन्धमा अध्यक्षज्यूबाट स्पष्ट पार्ने कार्य सकिएपछि अध्यक्षज्यूले साधारण सभाको विषयसूचीमा उल्लेख भए बमोजिम प्रस्तावहरू निर्णयार्थ सभामा पेश गर्नु भयो ।

**१०. निर्णयहरू:**

क) सामान्य प्रस्ताव

१) तेईसौं वार्षिक साधारण सभाको लागि संचालक समितिको प्रतिवेदन सभाले सर्वसम्मतले पारित गऱ्यो ।

२) लेखापरीक्षकको प्रतिवेदन सहित २०७२ साल असार मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व. २०७१/७२ को नाफा-नोक्सान हिसाब तथा नगदप्रवाह विवरण सर्वसम्मतिबाट पारित भयो ।

३) संचालक समितिले सिफारिश गरेबमोजिम नाफाको बाँडफाँट तथा चुक्ता पूँजीको ७.१०५३ प्रतिशत नगद लाभाँश दिने प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

४) मिति २०७२ बैशाख १२ गतेको महाभूकम्पबाट पिडितहरूको राहतको लागी प्रधानमन्त्री दैवी प्रकोप राहत कोषमा बैंकको तर्फबाट प्रदान गरिएको रू. १ करोड चन्दा, रू. ११ लाख बराबरको सौर्य बत्ति वितरण गरिएको, त्यसैगरि बाँके र दाङ्ग जिल्लाका बाढी पिडितहरूलाई रू. ५८,५७३.५३ बराबरको विविध सामाग्रीहरू तथा नेपाल हेरिटेज सोसाईटीलाई सहयोग स्वरूप रू. ९०,६०१- बराबरको कम्प्यूटर सामाग्रीहरू प्रदान गरिएकोलाई समेत सर्वसम्मतिबाट अनुमोदन गऱ्यो ।

५) कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०७२/७३ का लागि (लेखापरीक्षण, कर लेखा परीक्षण तथा लङ्गफर्म अडिट कार्यका लागि) लेखापरीक्षक श्री सुन्दर एण्ड कम्पनी, चार्टर्ड एकाउन्टेन्ट्सको पुन:नियुक्त गर्ने प्रस्तावको सम्बन्धमा अध्यक्षज्यूको अनुमतिमा लेखा परीक्षण समितीका संयोजक श्री सुशिल विक्रम थापाले लेखापरीक्षण शूल्कको विषयमा चार्टर्ड एकाउन्टेन्ट संस्थाको निर्णय

सम्माननीय सर्वोच्च अदालतमा विचाराधीन रहेकोले सो को अन्तिम निर्णय भए अनुसार लेखापरीक्षण समितीको सिफारीशमा संचालक समितीले आवश्यक निर्णय गर्न अख्तियारी दिने प्रस्ताव गर्नु भयो र सो प्रस्ताव सभाबाट सर्वसम्मतिले पारित गऱ्यो ।

ख) विषेश प्रस्ताव

१) संचालक समितिले सिफारिश गरेबमोजिम बैंकको अधिकृत, जारी र चुक्ता पूँजी बृद्धि गर्न चुक्ता पूँजीको ३५(पैंतिस) प्रतिशत बोनस शेयर जारी गर्ने सम्बन्धी बिशेष प्रस्ताव सभाले सर्वसम्मतिबाट पारित भयो ।

२) उपरोक्त बोनस शेयर जारी गरे पछि हुने चुक्ता पूँजी रू. ४,४९,९१,४५,०००/- (रू. चार अर्ब उनन्चास करोड एकान्नब्बे लाख पैंतालिस हजार) को १४.२८ प्रतिशतका दरले हुने ७ (सात) कित्ता शेयर बराबरको १ (एक) कित्ता हकप्रद शेयर जारीगर्न स्वीकृत गर्ने तथा सो कार्य गर्न संचालक समितिलाई अख्तियार प्रदान गर्ने प्रस्ताव सभाबाट सर्वसम्मतिमा पारित भयो ।

३) बैंकको प्रवन्ध पत्र र नियमावलीमा संशोधन गर्ने विशेष प्रस्ताव (अनुसूची संलग्न) पारित गर्ने तथा प्रस्तावित संशोधनमा नेपाल राष्ट्र बैंक वा अन्य निकायले फेरबदल गरेमा आवश्यक समायोजन गर्न संचालक समितिलाई वा संचालक समितिले तोकेको पदाधिकारीलाई अधिकार दिने बिशेष प्रस्ताव सभाले सर्वसम्मतिमा पारित भयो ।

## ११. धन्यवाद ज्ञापन:

सभापतिज्यूले सभामा सहभागी सम्पूर्ण शेयरधनी महानुभावहरूलाई आफ्नो अमूल्य समय दिई सभा सफलतापूर्वक सम्पन्न गरिदिनुभएकोमा हार्दिक धन्यवाद दिनुहुँदै बैंकको प्रगति र उन्नतिका लागि रचनात्मक सुभाव र मन्तव्य दिनुहुने वक्ता शेयरधनी महानुभावहरूप्रति आभार व्यक्त गर्नुभयो ।

## १२. सभा विसर्जन:

अन्त्यमा छलफल गर्न बाँकी विषय नभएको हुँदा सभापतिज्यूले तेईसौं वार्षिक साधारणसभा विसर्जन भएको घोषणा गर्नुभयो ।

(विपिन हाडा)
कम्पनी सचिव

(मनोजबहादुर श्रेष्ठ)
सभापति

# (अनुसूची)

# हिमालयन बैंक लिमिटेड
## तेइसौं वार्षिक साधारण सभामा विशेष प्रस्तावद्वारा प्रबन्धपत्र तथा नियमावलीमा भएको संशोधन

**प्रबन्धपत्र संशोधनको विशेष प्रस्तावः**

**दफा ५. बैंकको पूँजीको संरचनाः**

| विद्यमान व्यवस्था | प्रस्तावित संशोधन | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|
| (क) बैंकको अधिकृत पूँजी रु. ५,००,००,००,०००/- (अक्षरेपी पाँच अर्ब रुपैयाँ) हुनेछ ।उक्त पूँजीलाई रु १००/- का दरले ५,००,००,००० (पाँच करोड थान)साधरण शेयरमा बिभाजन गरिएको छ ।<br>(ख) तत्काल जारी पूँजी रु ३,३३,२७,००,०००/- (अक्षरेपी तीन अर्ब तेत्तिस करोड सत्ताईस लाख रुपैयाँ) हुनेछ ।<br>(ग) तत्काल चुक्ता पूँजी रु ३,३३,२७,००,०००/- (अक्षरेपी तीन अर्ब तेत्तिस करोड सत्ताईस लाख रुपैयाँ) हुनेछ । | (क) बैंकको अधिकृत पूँजी रु. ८,५०,००,००,०००/- (अक्षरेपी आठ अर्ब पचास करोड रुपैयाँ) हुनेछ । उक्त पूँजीलाई रु १००/- का दरले ८,५०,००,०००/- (आठ करोड पचास लाख थान) साधारण शेयरमा बिभाजन गरिएको छ ।<br>(ख) तत्काल जारी पूँजी रु ५,१४,१८,८०,०००/- (अक्षरेपी पाँच अर्ब चौध करोड अठार लाख असि हजार रुपैयाँ) हुनेछ ।<br>(ग) तत्काल चुक्ता पूँजी रु ५,१४,१८,८०,०००/- (अक्षरेपी पाँच अर्ब चौध करोड अठार लाख असि हजार रुपैयाँ) हुनेछ । | आ.व.२०७१/७२ को नाफा बाट बोनस शेयर जारी गर्दा बैंकको विद्यमान पूंजी संरचनामा हेरफेर हुने हुंदा ।<br>आ.व.२०७१/७२ को नाफा बाट बोनस शेयर जारी गरेपछि तत्काल जारी पूंजी तथा चुक्ता पूंजी रु ४,४९,९१,४५,०००/- (अक्षरेपी चार अर्ब उनन्चास करोड एकान्नब्बे लाख पैतालिस हजार रुपैयां) हुनेछ साथै प्रस्तावित हकप्रद शेयर जारी गरिसकेपछि तत्काल जारी पूंजी तथा तत्काल चुक्ता पूंजी रु. ५,१४,१८,८०,००० ( अक्षरेपी पांच अर्ब चौध करोड अठार लाख असि हजार रुपैयां) हुनेछ । |

**नियमावली संशोधनको विशेष प्रस्ताव**

**नियम ३. (ख): बैंकको अधिकृत पूँजीको अंक र विभिन्न प्रकारको शेयर संख्याः**

| विद्यमान व्यवस्था | प्रस्तावित संशोधन | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|
| (क) बैंकको अधिकृत पूँजी रु. ५,००,००,००,०००/- (अक्षरेपी पाँच अर्ब रुपैयाँ) हुनेछ । उक्त पूँजीलाई रु १००/- का दरले ५,००,००,००० (पाँच करोड थान) साधारण शेयरमा बिभाजन गरिएको छ ।<br>(ख) तत्काल जारी पूँजी रु ३,३३,२७,००,०००/- (अक्षरेपी तीन अर्ब तेत्तिस करोड सत्ताईस लाख रुपैयाँ) हुनेछ ।<br>(ग) तत्काल चुक्ता पूँजी ३,३३,२७,००,०००/- (अक्षरेपी तीन अर्ब तेत्तिस करोड सत्ताईस लाख रुपैयाँ) हुनेछ । | (क) बैंकको अधिकृत पूँजी रु. ८,५०,००,००,०००/- (अक्षरेपी आठ अर्ब पचास करोड रुपैयाँ) हुनेछ ।उक्त पूँजीलाई रु १००/- का दरले ८,५०,००,०००/- (आठ करोड पचास लाख थान) साधारण शेयरमा बिभाजन गरिएको छ ।<br>(ख) तत्काल जारी पूँजी रु ५,१४,१८,८०,०००/- (अक्षरेपी पाँच अर्ब चौध करोड अठार लाख असि हजार रुपैयाँ) हुनेछ ।<br>(ग) तत्काल चुक्ता पूँजी रु ५,१४,१८,८०,०००/- (अक्षरेपी पाँच अर्ब चौध करोड अठार लाख असि हजार रुपैयाँ) हुनेछ । | आ.व.२०७१/७२ को नाफा बाट बोनस शेयर जारी गर्दा बैंकको विद्यमान पूंजी संरचनामा हेरफेर हुने हुंदा ।<br>आ.व.२०७१/७२ को नाफा बाट बोनस शेयर जारी गरेपछि तत्काल जारी पूंजी तथा चुक्ता पूंजी रु ४,४९,९१,४५,०००/- (अक्षरेपी चार अर्ब उनन्चास करोड एकान्नब्बे लाख पैतालिस हजार रुपैयां) हुनेछ साथै प्रस्तावित हकप्रद शेयर जारी गरिसकेपछि तत्काल जारी पूंजी तथा तत्काल चुक्ता पूंजी रु. ५,१४,१८,८०,००० (अक्षरेपी पांच अर्ब चौध करोड अठार लाख असि हजार रुपैयां) हुनेछ । |

# व्यवस्थापन टोली



**अशोक शमशेर ज.ब.रा.**
प्रमुख कार्यकारी अधिकृत



**इजाज कादीर गिल**
वरिष्ठ महाप्रबन्धक



**सुशील जोशी**
महाप्रबन्धक



**अनुप मास्के**
नायब महाप्रबन्धक



**उज्जलराज राजभण्डारी**
नायब महाप्रबन्धक

## प्रधान कार्यालय

एच बि एल कर्पोरेट बिल्डिङ्, कमलादी, पो.ब.नं. २०५९०, काठमाडौं
फोन: ९७७-१-४२२७७४९, फ्याक्स: ९७७-१-४२२२८००

ईमेल: himal@himalayanbank.com, स्विफ्ट: HIMANPKA, वेभसाइट: http://www.himalayanbank.com

## उपत्यका भित्रका शाखा कार्यालयहरु

| | | | | |
|---|---|---|---|---|
| **ठमेल शाखा**<br>सुनिल प्रसाद गोर्खाली<br>शाखा प्रबन्धक<br>कर्मचारी संचयकोष बिल्डिङ्, ठमेल<br>फोन: ९७७-१-४२५३०५४/४२२७७४५<br>फ्याक्स: ९७७-१-४२५०३५६ | **महाराजगञ्ज शाखा**<br>सुन्दर बास्तोला<br>शाखा प्रबन्धक<br>महाराजगञ्ज, काठमाडौं<br>फोन: ९७७-१-४४२५१८३, ४४२४२९२<br>फक्यास: ९७७-१-४४२५१८१ | **नयाँसडक शाखा**<br>विजय मान नकर्मी<br>शाखा प्रबन्धक<br>बिशालबजार, काठमाडौं<br>फोन: ९७७-१-४२४३१०७/४२२४७८७<br>फ्याक्स: ९७७-१-४२४००८६ | **भक्तपुर शाखा**<br>शैलेन्द्र मान श्रेष्ठ<br>शाखा प्रबन्धक<br>सुकुलढोका, भक्तपुर<br>फोन: ९७७-१-६६१७४९३<br>फ्याक्स: ९७७-१-६६१७४९२ | **पाटन शाखा**<br>समीर आचार्य<br>शाखा प्रबन्धक<br>पुल्चोक, ललितपुर<br>फोन: ९७७-१-५०१०५८४/५०१०५९३<br>फ्याक्स: ९७७-१-५०१०७५४ |
| **टेकु शाखा**<br>कुलदीप कार्की<br>शाखा प्रबन्धक<br>टेकु, काठमाडौं<br>फोन: ९७७-१-४१०४५७२/४१०४६८७<br>फ्याक्स: ९७७-१-४१०४५६८ | **चाबहिल शाखा**<br>रोशन मैनाली<br>शाखा प्रबन्धक<br>चुच्चेपाटी, चाबाहिल<br>फोन: ९७७-१-४४६२०४५<br>फ्याक्स: ९७७-१-४४९००६४ | **स्वयम्भू शाखा**<br>अनुसुया बस्न्यात<br>शाखा प्रबन्धक<br>हलचोक, काठमाण्डौं<br>फोन: ९७७-१-४२८५४६१<br>फ्याक्स: ९७७-१-४०३३७७६ | **नयाँ बानेश्वर शाखा**<br>अभय बहादुर शाह<br>शाखा प्रबन्धक<br>नयाँ बानेश्वर, काठमाण्डौं<br>फोन: ९७७-१-४७८५५८३<br>फ्याक्स: ९७७-१-४७८५५८९ | **सोह्रखुट्टे शाखा**<br>अमृत मल्ल<br>शाखा प्रबन्धक<br>सोह्रखुट्टे, काठमाण्डौं<br>फोन: ९७७-१-४३८९०३५<br>फ्याक्स: ९७७-१-४३८९०३६ |

| | | | | | |
|---|---|---|---|---|---|
| **डिल्लीबजार शाखा**<br>दिब्या थापा<br>शाखा प्रबन्धक<br>कालिकास्थान, काठमाण्डौं<br>फोन: ९७७-१-४४३१६५८<br>फ्याक्स: ९७७-१-४४३१६५९ | **कलंकी शाखा**<br>किशोर सुवेदी<br>शाखा प्रबन्धक<br>कलंकी चोक, काठमाण्डौं<br>फोन: ९७७-१-४२७९७६२<br>फ्याक्स: ९७७-१-४२७९७६५ | **सातदोबाटो शाखा**<br>प्रनिल राजभण्डारी<br>शाखा प्रबन्धक<br>सातदोबाटो चोक, ललितपुर<br>फोन: ९७७-१-५१५१९४५<br>फ्याक्स: ९७७-१-५१५१९३५ | **बत्तिसपुतली शाखा**<br>देवेशराज भट्टराई<br>शाखा प्रबन्धक<br>बत्तिसपुतली, काठमाडौं<br>फोन: ९७७-१-४४८४९९०<br>फ्याक्स: ९७७-१-४४८४९९१ | **कौशलटार शाखा**<br>सुदीप बस्नेत<br>शाखा प्रबन्धक<br>कौशलटार, भक्तपुर<br>फोन: ९७७-१-६६३९५६४<br>फ्याक्स: ९७७-१-६६३९५६३ | **सामाखुशी शाखा**<br>मधुसुदन खड्का<br>शाखा प्रबन्धक<br>गोगंबु, काठमाडौं<br>फोन: ९७७-१-४३५४६६३<br>फ्याक्स: ९७७-१-४३५४४४६ |

| | |
|---|---|
| **कार्ड सेवा केन्द्र**<br>निरज थापा, प्रमुख, मार्केटिङ्<br>मनोज डुमरू श्रेष्ठ, प्रमुख, अपरेसनस्<br>कमलादी, काठमाडौं, फोन: ९७७-१-४२४६२१८,१९ फक्यास: ९७७-१-४२४५९३२ | **विप्रेषण प्रवर्द्धन केन्द्र**<br>युमा श्रेष्ठ, मार्केटिङ्<br>सञ्चिता पाण्डे, प्रमुख, अपरेसनस्<br>कमलादी, काठमाडौं, टोल फ्रि नं. १६६ ०० १११ ००० |

## उपत्यका बाहिरका शाखा कार्यालयहरु

| | | | | |
|---|---|---|---|---|
| **टाँडी शाखा**<br>शान्ता अधिकारी वाग्ले<br>शाखा प्रबन्धक<br>सौराहा चोक, टाँडी, चितवन<br>फोन: ९७७-५६-५६०७५०/५६२८००<br>फ्याक्स: ९७७-५६-५६१८५० | **नारायणगढ शाखा**<br>भवानी घिमिरे<br>शाखा प्रबन्धक<br>पुल्चोक, नारायणगढ, चितवन<br>फोन: ९७७-५६-५७२२२५, ५७१४७४<br>फ्याक्स: ९७७-५६-५७१८२२ | **वीरगञ्ज शाखा**<br>पवन कुमार अग्रवाल<br>शाखा प्रबन्धक<br>महावीर रोड, वीरगञ्ज<br>फोन: ९७७-५१-५२४६७८/५२७५०४<br>फक्यास: ९७७-५१-५२७५१८ | **हेटौंडा शाखा**<br>सुधिर खड्का<br>शाखा प्रबन्धक<br>मेनरोड, हेटौंडा<br>फोन: ९७७-५७-५२५८७७, ५२२८९९<br>फ्याक्स: ९७७-५७-५२३१५६ | **सिद्धार्थनगर शाखा**<br>प्रभु शरण ओली<br>शाखा प्रबन्धक<br>प्रहरी टोल, भैरहवा<br>फोन: ९७७-७१-५२४३९५, ५२६९४५<br>फ्याक्स: ९७७-७१-५२४४०७ |
| **विराटनगर शाखा**<br>सन्तोष पराजुली<br>शाखा प्रबन्धक<br>मेनरोड, शनिहाट<br>फोन: ९७७-२१-५२४६५३, ५३४९४५<br>फ्याक्स: ९७७-२१-५२८४५२ | **बनेपा शाखा**<br>प्रविन खनाल<br>शाखा प्रबन्धक<br>पनौती रोड, बनेपा, काभ्रे<br>फोन: ९७७-११-६६४७३४<br>फ्याक्स: ९७७-११-६६४७३५ | **धरान शाखा**<br>रिशेश्वर तिमिल्सिना<br>शाखा प्रबन्धक<br>पुतली लाइन, सुनसरी<br>फोन: ९७७-२५-५२८९६६, ५२८९६७<br>फ्याक्स: ९७७-२५-५२८९६८ | **पोखरा शाखा**<br>सुजनमणी रिसाल<br>शाखा प्रबन्धक<br>पोखरा, नयाँ सडक, कास्की<br>फोन: ९७७-६१-५३८९०७, ५४०२३०<br>फ्याक्स: ९७७-६१-५३८९०८ | **बुटवल शाखा**<br>शिवहरी पाण्डे<br>शाखा प्रबन्धक<br>ट्राफिक चोक, बुटवल<br>फोन: ९७७-७१-५५१०१६/५५१०१७<br>फ्याक्स: ९७७-७१-५४६९०८ |
| **नेपालगञ्ज शाखा**<br>विजयराज बोहरा<br>शाखा प्रबन्धक<br>धम्बोजी, बाँके<br>फोन: ९७७-८१-५२७४९०<br>फ्याक्स: ९७७-८१-५२७४९१ | **इटहरी शाखा**<br>तुल्सी कार्की<br>शाखा प्रबन्धक<br>धरान रोड, इटहरी<br>फोन: ९७७-२५-५८७०४१, ५८७०४२<br>फ्याक्स: ९७७-२५-५८७९४० | **पाल्पा शाखा**<br>निर्मला काफ्ले<br>शाखा प्रबन्धक<br>सिलखान टोल, तानशेन, पाल्पा<br>फोन: ९७७-७५-५२२६४१, ५२००९५<br>फ्याक्स: ९७७-७५-५२२६४२ | **घोराही शाखा**<br>प्रदिपसिंह बोहरा<br>शाखा प्रबन्धक<br>नयाँ सडक, घोराही, दाङ<br>फोन: ९७७-८२-५६२९०१<br>फ्याक्स: ९७७-८२-५६२९०२ | **त्रिशुली शाखा**<br>लकेश राज जोशी<br>शाखा प्रबन्धक<br>बिदुर चोक, नुवाकोट<br>फोन: ९७७-१०-५६१६९६<br>फ्याक्स: ९७७-१०-५६१६९७ |
| **दमक शाखा**<br>विभुती अर्याल<br>शाखा प्रबन्धक<br>दमक राजमार्ग, झापा<br>फोन: ९७७-२३-५८५२९१<br>फ्याक्स: ९७७-२३-५८५२९२ | **बाग्लुङ् शाखा**<br>छत्र प्रकाश गुरूङ्<br>शाखा प्रबन्धक<br>जीप पार्क, बागलुङ<br>फोन: ९७७-६८-५२२६९०<br>फ्याक्स: ९७७-६८-५२२६९१ | **पर्सा शाखा**<br>अनिल कुमार श्रीवास्तव<br>शाखा प्रबन्धक<br>नयाँ रोड, चितवन<br>फोन: ९७७-५६-५८३६२८<br>फ्याक्स: ९७७-५६-५८३६२९ | **धनगढी शाखा**<br>मौसम के.सी.<br>शाखा प्रबन्धक<br>रातोपुल, धनगढी<br>फोन: ९७७-९१-५२०२०२<br>फ्याक्स:९७७-९१-५२०२०४ | **गोरखा शाखा**<br>राकेश श्रेष्ठ<br>शाखा प्रबन्धक<br>बसपार्क, गोरखा<br>फोन: ९७७-६४-४२१५२०<br>फ्याक्स: ९७७-६४-४२१५२१ |

| | | | | | |
|---|---|---|---|---|---|
| **बान्हबिसे शाखा**<br>विकास चन्द्र शाक्य<br>शाखा प्रबन्धक<br>बान्हबिसे बजार, सिन्धुपाल्चोक<br>फोन: ९७७-११-४८९२९०<br>फ्याक्स: ९७७-११-४८९२९१ | **कावासोती शाखा**<br>शिवचन्द्र अधिकारी<br>शाखा प्रबन्धक<br>सभापती चोक, नवलपरासी<br>फोन: ९७७-७८-५४१०४०<br>फ्याक्स: ९७७-७८-५४१०४५ | **धादिङ् शाखा**<br>सुदिप मुनि सिक्राकार<br>शाखा प्रबन्धक<br>धादिङ्बेसी, धादिङ्<br>फोन: ९७७-१०-५२११११<br>फ्याक्स: ९७७-१०-५२१११० | **रामबजार शाखा**<br>निरेन्द्र शम्शेर राणा<br>शाखा प्रबन्धक<br>अमरसिंह चोक, पोखरा<br>फोन: ९७७-६१-४३०३०१<br>फ्याक्स: ९७७-६१-४३०३०२ | **बिर्तामोड शाखा**<br>सन्जिव श्रेष्ठ<br>शाखा प्रबन्धक<br>शनिश्चरे रोड, बिर्तामोड, झापा<br>फोन: ९७७-२३-५४५६११<br>फ्याक्स: ९७७-२३-५४५६१० | **बेत्रावती शाखा**<br>राज मान श्रेष्ठ<br>शाखा प्रबन्धक<br>लहरेपौवा, बेत्रावती<br>फोन: ९७७-१०-६८१३४३<br>फ्याक्स: ९७७-१०-४१२००२ |

**सम्पर्क कार्यालय क्वालालम्पुर मलेशिया**
रामेश्वर मान श्रेष्ठ, प्रमुख
फोन: +६०३ २०२२ ३६६४

HBL हिमालयन बैंक लिमिटेड Himalayan Bank Ltd.